# न्याय सेवा आयोगको सूचना

## सूचना प्रकाशित मितिः-२०८०।०६।२४

नेपाल न्याय सेवा, न्याय, कानून र सरकारी वकील समूहको राजपत्रांकित प्रथम र द्वितीय श्रेणीमा रिक्त निम्न पदहरु जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकाले २०८० साल आषाढ मसान्तसम्म निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) को खण्ड (ख) तथा उपदफा (२) बमोजिमको न्यूनतम सेवा अवधि पुगेको र नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१ को नियम ११ (१) बमोजिम शैक्षिक योग्यता पुग्ने सम्भाव्य उम्मेदवारहरुले आयोगद्वारा राजपत्राङ्कित पदमा बढुवाको लागि निर्धारित ढाँचा बमोजिमको दरखास्त फाराम भरी अन्तिम मितिभित्र यस आयोगमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन। नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१ को नियम १० बमोजिम बढुवा हुने रिक्त पदहरुको विवरण देहाय बमोजिम प्रकाशित गरिएको छ।

| सि.नं. | बढुवा सूचना नं. | बढुवाको किसिम | सेवा/समूह | पद रिक्त रहेको कार्यालय | श्रेणी/पद | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ००११/ २०८०-८१ | कार्यक्षमता मूल्याङ्कन | न्याय/न्याय | सर्वोच्च अदालत र अन्तर्गत | रा.प.प्रथम/ सह सचिव वा सो सरह | १ |
| २. | ००१२/ २०८०-८१ | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | न्याय/कानून | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अन्तर्गत | रा.प.प्रथम/ सह सचिव वा सो सरह | २ |
| ३. | ००१३/ २०८०-८१ | कार्यक्षमता मूल्याङ्कन | न्याय/कानून | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अन्तर्गत | रा.प.प्रथम/ सह सचिव वा सो सरह | १ |
| ४. | ००१४/ २०८०-८१ | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | न्याय/सरकारी वकिल | महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत | रा.प.प्रथम/ सह सचिव वा सो सरह | २ |
| ५. | ००१५/ २०८०-८१ | कार्यक्षमता मूल्याङ्कन | न्याय/सरकारी वकिल | महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत | रा.प.प्रथम/ सह सचिव वा सो सरह | १ |
| ६. | ००१६/ २०८०-८१ | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | न्याय/न्याय | सर्वोच्च अदालत र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | १४ |
| ७. | ००१७/ २०८०-८१ | कार्यक्षमता मूल्याङ्कन | न्याय/न्याय | सर्वोच्च अदालत र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | १३ |
| ८. | ००१८/ २०८०-८१ | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | न्याय/कानून | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ३ |
| ९. | ००१९/ २०८०-८१ | कार्यक्षमता मूल्याङ्कन | न्याय/कानून | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ४ |
| १०. | ००२०/ २०८०-८१ | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन | न्याय/सरकारी वकिल | महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ६ |
| ११. | ००२१/ २०८०-८१ | कार्यक्षमता मूल्याङ्कन | न्याय/सरकारी वकिल | महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत | रा.प.द्वितीय/ उपसचिव वा सो सरह | ५ |

### दरखास्त पेश गर्दा ध्यान दिनु पर्ने कुराहरु

**(क) आवश्यक न्यूनतम योग्यताः-** जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनबाट हुने बढुवाको लागि निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क र कार्यक्षमता मूल्याङ्कनको लागि दफा २१ को उपदफा (१) को खण्ड (ख) तथा उपदफा (२) र नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु,२०५१ को नियम ११ (१) तथा निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।**(ख) जेष्ठता र असाधारण विदाः-** बढुवाको दर्खास्त फारामको नोकरीको जेष्ठता सम्बन्धी महलको कैफियतमा असाधारण विदामा बसेको भए सो को मिति र अवधि अनिवार्य रुपमा खुलाउनु पर्नेछ । स्थायी, विकास, अस्थायी तथा सेवा परिवर्तन कसरी आएको नोकरीको जेष्ठता महलमा स्पष्ट उल्लेख हुनु पर्नेछ । **(ग) शैक्षिक योग्यता र तालिमः-** फाराममा उल्लिखित सवै उपाधिहरुको प्रमाणित प्रतिलिपि र सर्टिफिकेट वा मार्कसिट र सेवाकालीन तालिमको अवधि खुलेको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारित गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । **(घ) भौगोलिक क्षेत्र सम्बन्धमाः-** भौगोलिक क्षेत्रको हकमा "घ" वर्ग बाहेक अन्य कुन वर्गमा काम गरेको हो सो वर्गको रुजु हाजिर कति हो वर्ष, महिना र दिन अनिवार्य रूपमा उल्लेख गरी अध्ययन विदा लिएको भए अध्ययन विदा लिएको पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामको कैफियत महलमा स्पष्ट खुलाउनु पर्नेछ ।**(ङ) अङ्क गणनाका लागि पेश गर्नुपर्ने कागजातहरुः-** जेष्ठता, शैक्षिक योग्यता, सेवाकालीन तालिम र भौगोलिक क्षेत्र समेतको अङ्क गणनाको लागि "घ" वर्ग बाहेक अन्य कुन वर्गमा काम गरेको हो सो वर्गमा काम गरेको हाजिरी विवरणको प्रमाणित प्रतिलिपि, नियुक्तिपत्र, सरुवा र रमाना पत्र समेतका कागजातको प्रमाणित प्रतिलिपि अनिवार्य रुपले पेश गर्नु पर्नेछ । साथै निजामती सेवा नियमावलीको नियम, १२३ अनुसारको सेवा अवधि भएमा प्रमाणित भएको हुनुपर्दछ। **(च) दरखास्त दिने स्थानः-** न्याय सेवा आयोगको कार्यालय, रामशाहपथ काठमाडौं। **(छ) दरखास्त दिने अन्तिम मितिः-** गोरखापत्रमा सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिन भित्र । **(ज) परीक्षा दस्तुरः-** रा.प. प्रथम श्रेणीको पदमा रु.१,५००।- (एक हजार पांच सय) र रा.प. द्वितीय श्रेणीको पदमा रु.१,२००।- (एक हजार दुई सय) मात्र (*राजश्व बैंकिङ्ग प्रणालीमार्फत भुक्तानी गर्नु पर्ने छ।*) । **(झ)** निजामती किताबखानाबाट पाएको कर्मचारी संकेत नम्बर, नागरिकताको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

# <u>राजस्व बुझाउने बैक तथा खाताको विवरण</u>

राजस्व खाता रहेको बैक — राष्ट्रिय बाणिज्य बैक

बैक खाता न —१०००२०००१००००

जम्मा हुने कार्यालयको नाम : न्याय परिषद सचिवालय

कार्यालय कोड : २१८००३५०१

राजस्व शिर्षक नः  १४२२४ ( परिक्षा दस्तुर)

**(परिक्षा दस्तुर राजस्वको कारोवार गर्ने राष्ट्रिय बाणिज्य बैकको जुनसुकै शाखाबाट बुझाउन सकिने)**